०६९ ४२००२० ४२००२१ ४२००२२

# मालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### दरबाङ, म्याग्दी

प.स.-०८१।८२
च.नं. ३८६

मितिः- २०८१/०७/२९

विषय-राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुने सम्बन्धमा ।

**श्री सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु,**
**मालिका गाउँपालिका, म्याग्दी ।**

प्रस्तुत विषयमा मालिका गाउँपालिकाको आयोजनामा मिति २०८१/०८/१५ देखी १७ गतेसम्म दरबाङ् बजारको श्री जनप्रिय माध्यमिक विद्यालयको खेलमैदानमा पाचौं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, २०८१ सञ्चालन हुने हुँदा तहाँ विद्यालयबाट निम्न विधाका खेलहरुमा खेलाडी सहभागी गराउनुहुन अनुरोध छ । खेल र खेलाडी सम्बन्धी जानकारी तपसिल बमोजिम रहेको ब्यहोरा अनुरोध छ ।

१ खेलकुदका विद्या तथा प्रतियोगिताहरु-

| क .स. | विधा | खेल | छात्र | छात्रा |
|---|---|---|---|---|
| १. | भलिबल | भलिबल | भलिबल छात्र | भलिबल छात्रा |
| २. | कबड्डी | कबड्डी | छात्र | छात्रा |
| ३. एथलेटिक्सक-दौड ट्र्याक तर्फ | | | | |
| | १. | १०० मिटर | छात्र | छात्रा |
| | २. | २०० मिटर | छात्र | छात्रा |
| | ३. | ४०० मिटर | छात्र | छात्रा |
| | ४. | ८०० मिटर | छात्र | छात्रा |
| | ५. | १५०० मीटर | छात्र | छात्रा |
| | ६. | ३००० मिटर | छात्र | छात्रा |
| | ७. | ४*१०० मिटर रिले | छात्र | छात्रा |
| | ८. | ४*४०० मिटर रिले | छात्र | छात्रा |

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
२०७३

०६९ ४२००२० ४२००२१ ४२००२२

प.स.-०८१।८२
च.नं. ३८६

| | | | | |
|---|---|---|---|---|
| (ख) उफ्रने र फ्याक्ने फिल्ड तर्फ | | | | |
| | १. | हाईजम्प | छात्र | छात्रा |
| | २. | लङजम्प | छात्र | छात्रा |
| | ३. | त्रिपलजम्प | छात्र | छात्रा |
| | ४. | ज्याभलिन थ्रो | छात्र ८०० ग्राम | छात्रा ६०० ग्राम |
| | ५. | सटफुट | छात्र १२ पाउण्ड | छात्रा ८ पाउण्ड |

## २ खेलकुद प्रतियोगितामा सहभागी हुने विद्यार्थी र विद्यालय सम्बन्धी विशेष जानकारी एवम् नियमहरु-

१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८१/०८/१५ देखि १७ गते सम्म दरबाङस्थित जनप्रिय मा. वि. को खेलमैदानमा सञ्चालन हुनेछ ।

२. सहभागी विद्यालयले सहभागी हुने खेल विधा र खेलाडीहरुको नाम संलग्न अनुसूची -१ बमोजिमको फारम खेलाडी विद्यार्थीबाट भराई मिति २०८१/०८/१० गते बेलुका ४ बजे भित्र मालिका गाउँपालिका शिक्षा ,युवा तथा खेलकुद शाखामा दर्ता गरीसक्नु पर्नेछ ।

३. चालु शैक्षिक सत्रमा माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरतसाथै विद्यालयको इमिस **(IEMIS)** को रेकर्ड अनुसार १८ वर्ष भन्दा मुनिका छात्र/ छात्राहरु मात्र यो खेलकुद प्रतियोगितामा सहभागी हुन पाउँने छन्। (मिति २०६३/०८/३० भन्दा पछाडिको जन्ममितिका खेलाडि वैद्यमानिने छ)

४.विद्यालयको इमिस **(IEMIS)** को रेकर्डमा नभएका गैर विद्यार्थी तथा १८ वर्ष भन्दा बढी उमेर समूहका विद्यार्थीले यो प्रतियोगितामा भाग लिन पाउने छैन ।

५. प्रतियोगितामा प्रत्येक विद्यालयबाट टिम इभेन्ट्सहरुमा एक एक टिम र अन्य इभेन्ट्समा बढीमा १/१ जना खेलाडीहरुलाई सहभागी गराउन सकिनेछ।एथलेटिक्स इभेन्ट्समा प्रत्येक खेलाडिले बढिमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याक इभेन्टमा भाग लिन पाउने छन् ।

६. अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भई सकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराईने छैन।

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

७. गैर विद्यार्थी तथा उमेरको सन्दर्भमा दावि विरोध पर्न गई प्रमाणित भएमा सहभागी खेलाडी , विद्यालय र प्रधानाध्यापकलाई आयोजकले नियम अनुसार उचित अनुशासनको कारवाही गर्न सक्नेछ ।

८. प्रतियोगितामा सहभागी हुनका लागि सहभागी खेलाडीहरुले अनुसूची -१ को फाराममा पूरै विवरण खुल्ने गरी प्रधानाध्यापकको नाम ,हस्ताक्षर, विद्यालयको छाप र मिति सहित जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै खेलाडीलाइ खेल पोशाक अनिवार्य गरिएको छ ।

९. सहभागी विद्यालयले विद्यालयको झण्डा समितिमा बुझाउनु पर्नेछ । झण्डा आयोजकले पछि फिर्ता गर्ने छ ।

१०. मापदण्ड विपरितका खेलाडीको विविध पक्षको वैधता माथि उजुरी गर्नु परेमा सम्वन्धित खेलमा भाग लिएर पदक प्राप्त गरेको समय समेत उल्लेख गरी ३० मिनेट भित्रमा नगद रु ३,०००।– सहित आयोजक समक्ष दावि विरोध गर्न सक्नेछ तर पहिलो चरण पार गरिसकेपछि दावि विरोध मान्य हुने छैन । आयोजको छानविन बाट दोषी ठहरिएमा उक्त खेलाडिको पदक खोसिने र निकट्तम प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारवाही स्वरुप बाँकी सबै इभेन्ट्समा सहभागी गराईने छैन ।टिम गेमको हकमा पनि सोही नियम लागु हुनेछ ।तर दावि विरोध पुष्टी हुन नसकेमा धरौटी रकम जफत हुनेछ।

११. सहभागी विद्यालय र खेलाडीले परिचय – पत्र आयोजना अवधिभर सबैसँग सुरक्षित हुनु पर्नेछ ।

१२. खेल भावना विपरित अबान्छित गतिविधि गरेको पाईएमा खेलाडी र विद्यालयलाई आयोजक समितिलाई उचित लागेमा अनुशासनको कारवाही गर्ने वा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

१३. खेलाडीले जन्म दर्ता प्रमाण पत्र र जिल्ला/नगर स्तरीय कक्षा ८–१०को मार्कसिट/ ग्रेडसिट साथमै राखिरहनु पर्नेछ । यदि विवाद भएको खण्डमा आयोजकलाई उपलब्ध गराउनु पर्नेछ ।.

१४. प्रतियोगिता सम्बन्धी थप जानकारीको लागि (www.moys.gov.np) मा लगईन गरी हेर्न सकिने छ। र प्रतियोगिता (राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०) (पाचौं संशोधन) बमोजिम सञ्चालन हुनेछ ।

१५. कार्यविधि अनुसूची र पत्रमा प्रष्ट नभएका खेल सम्बन्धी जटिलताहरुमाथि आयोजकको निर्णय स्विकार्य हुनेछ ।

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
२०७३

०६९ ४२००२० ४२००२१ ४२००२२

प.स.-०८१।८२
च.नं.

## III.पुरस्कार सम्बन्धी विवरण:

| शीर्षक | प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार | कैफियत |
|---|---|---|---|---|
| राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ८०,०००/- | ६०,०००/- | ४०,०००/- | |

- पुरस्कारमा नियमानुसार कर कट्टी गरिनेछ।

**थप जानकारीका लागि :-**

अशोक रिजाल :- ९८४७७९०५८७
सुन्दर खत्री :- ९८४७७२३३०२
दिवाकर सबेदी :- ९८५७६२४४८५

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

## अनुसूची-१
## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

### प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमूना

१. सहभागी विद्यार्थीको नाम :
२. विद्यालयको नाम / ठेगाना :
३. अध्ययनरत कक्षा :
४. जन्म मिति :
५. सहभागी हुने खेल :
६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।